बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः दोस्रो (Virtual zoom meeting)

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।०५।३१, शुक्रबार

स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल, मालिङ ।

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरूङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | [signature] |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | [signature] |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | [signature] |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | [signature] |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | [signature] |
| १९. | श्री त्रिलोक चन्द्र गुरुङ | स्वास्थ्य शाखा प्रमुख | क्व्होलासोथार गा.पा. | [signature] |
| २०. | श्री दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | " " | [signature] |
| २१. | श्री प्रकाश शेरचन | प्राविधिक शाखा प्रमुख | " | [signature] |
| २२. | " सन्तोष गुरुङ | रोजगार संयोजक | " " | [signature] |
| २३. | " अनिल पौडेल | कम्प्युटर इन्जिनियर | " | [signature] |
| २४ | " तिलक के.सी. | आन्तरीक लेखा परिक्षक | " " | [signature] |
| २५. | डा. अनुप गुरुङ | पशु सेवा शाखा प्रमुख | " " | [signature] |
| २६ | श्री चित्र घले | योजना शाखा | " " | [signature] |
| २७. | ममता गुरुङ | महिला शाखा | " | [signature] |
| २८ | कल्पना गुरुङ | MIS शाखा | " | [signature] |
| २९. | स्मृती अधिकारी | कृषि विकास शाखा | " | [signature] |
| ३० | वसन्त पौडेल | खरिदार (?) | " | [signature] |

CS CamScanner




क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CS CamScanner

## दोस्रो कार्यपालिका बैठक २०८२।०५।३१ मंगलवार

**प्रस्ताव नं १. ई बोलपत्रका लागि सर्भे र आह्वान अनुमति सम्बन्धी।**

**निर्णय नं १ .** सार्वजनिक खरिद ऐन, २०६३ एवं संघ/प्रदेश समपूरक र संघ/प्रदेश सशर्त कार्यविधि बमोजिम देहाय बमोजिमका योजना कार्यान्वयन गर्न विद्युतीय बोलपत्र eGP आह्वानका लागि अनुमति दिने।

क) सुलिकोट पर्यटन पूर्वाधार आयोजना (प्रदेश सशर्त लागत रु. चालिस लाख )

ख) ६ नं वडा कार्यालय भवन निर्माण आयोजना (संघीय समपूरक लागत रु. एक करोड )

ग) काम्दु नयाँ सडक निर्माण आयोजना (प्रदेश समपूरक लागत रु. एक करोड )

घ) आन्तरिक सभाहल सुधार आयोजना ( लागत रु. दश लाख )

**प्रस्ताव नं २. उपभोक्ता समितिहरु -योजना सम्झौता / अभिमुखिकरण सम्बन्धी।**

**निर्णय नं २ .**

क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं महालेखा परिक्षकको कार्यालयकाअनुसार आमा समूह भवन, सामुदायिक भवन निर्माणका कार्यहरु अनुत्पादक तथा वितरणमुखी भएको भन्दै अब आइन्दा यस्ता निर्माणका योजनाहरु शुन्यमा झार्ने तथापी भवन मर्मत र स्तरोन्नतीका कार्यहरु निरन्तर गर्न पाइने निर्देशन भएको हुँदा, चालु आर्थिक वर्ष २०८२।०८३ बाट आमा समूह भवन, सामुदायिक भवन निर्माण जस्ता अनुत्पादक तथा वितरणमुखी कार्यहरु क्रमश न्यून गर्दै लैजाने ।

ख) उपभोक्ता समितिमार्फत गरिने आयोजनाहरु सम्झौता गर्दा लगती बेरुजु देखिएका उपभोक्ता समितिका पदाधिकारीहरु पुन: योजना सम्झौतामा सहभागी बन्न नपाउने, ज्यालादारीमा काम गर्ने बाटो हेरालु तथा झोलुङ्गे पुल हेरालुले डोर हाजिरको आधारमा मात्र भुक्तानी पाउने

ग) उपभोक्ता समिति पदाधिकारी र सदस्यहरुलाई २०८२ को दशैं तथा तिहार पछाडी मात्र अभिमुखीकरण सञ्चालन गरी ऐ. कार्तिक मसान्तभित्रै योजना सम्झौता कार्य सम्पन्न गर्ने गराउने।

**प्रस्ताव नं ३. वार्षिक स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि २०८२ पेश र पारित सम्बन्धमा।**

**निर्णय नं ३ .** क्होलासोथार गाउँपालिकाको वार्षिक स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि २०८२ देहाय बमोजिम पारित गर्ने निर्णय।

CamScanner

## दोस्रो कार्यपालिका बैठक २०८२।०५।३१ मंगलवार

**प्रस्ताव नं ४. जेन जेड आन्दोलन सम्बन्धमा।**

**निर्णय नं ४.** मिति २०८२ भाद्र २३ र २४ गते जेन जी (Generation Zoomers) समुहले सुशासन कायम राख्न नेपोबेबीज र भष्ट्रचार बिरुद्ध देशभर गरेको आन्दोलन तथा प्रदर्शनको क्रममा जनधनको अपूरणीय क्षति भएकोले सो घटनाप्रति गहिरो दुख व्यक्त गर्दै ज्यान गुमाउनेको आत्माप्रति हार्दिक श्रध्दाञ्जली अर्पण गर्ने तथा शोक व्यक्त गर्ने साथै शोकाकुल आफन्तजनप्रति समवेदना प्रकट गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको समेत कामना गर्ने।

**प्रस्ताव नं ५. विविध।**

**निर्णय नं ५.**

क) **"एकल पुरुष भत्ता"** वितरण प्रयोजनका लागि लगत संकलन गर्नुपर्ने भएकोले ६० वर्ष पुरा भई ७० वर्ष पुरा नभएका **अविवाहित, विदुर (पत्नीको मृत्यु भएको)** र **अन्य कारणले एकल** भई अन्य सामाजिक सुरक्षा भत्ता नलिएका एकल पुरुष भत्ता पाउने व्यक्तिको लगत विवरण मिति २०८२।०६।०७ गते भित्र संकलन गरी पठाउने निर्णय।

ख) यस गाउँपालिकामा मिति २०७६।०५।०४ गते नियुक्ति लिई मिति २०८१।१२।३० सम्म लामो समय कृषि विकास शाखा प्रमुखको रुपमा कार्यरत रहनुभएका सुन्दरबजार नगरपालिका -०४, लमजुङ निवासी श्री **श्रीकान्त न्यौपाने**को मिति २०८२।०५।२८ मा स्वर्गारोहण भएकोले स्व. न्यौपानेप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना व्यक्त गर्ने।

CamScanner

# क्व्होलासोथार गाउँपालिका वार्षिक एकिकृत स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि, २०८२

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८२। ०५ ।३१ गते

प्रमाणिकरण मितिः २०८२।०५ ।३१ गते

**क्व्होलासोथार गाउँपालिका**

**लमजुङ**

गण्डकी प्रदेश, नेपाल

क्व्होलासोथार गाउँकार्यपालिका बाट मिति २०८२।०५।३१ गते स्वीकृत भएको स्थानिय सरकार संचालन ऐन, २०७४ दफा १०२ को उपदफा २ बमोजिम बनेको उपर्युक्त अनुसारको क्व्होलासोथार गाउँपालिका वार्षिक एकिकृत स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि, २०८२ प्रमाणिकरण गर्दछु।

मितिः२०८२।०५।३१ गते

माधव प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

## विषय सूचि


| क्र.सं. | कार्यक्रमको नाम | पेज नं. |
|---|---|---|
| १ | मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिरुलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम | १ |
| २ | निशुल्क स्वास्थ्य सेवा तथा सुगर प्रेसरको लागि औषधि, स्वास्थ्य उपकरण तथा ल्याब सामाग्री खरिद | १ |
| ३ | निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर | २ |
| ४ | भिडियो एक्सरे घुम्ती शिविर | २ |
| ५ | गाउँघर क्लिनिक र ज्येष्ठ नागरिक घरदैलो तथा क्लिनिक संचालन यातायात खर्च | ३ |
| ६ | अनुगमन मुल्यांकन कार्यक्रम। | ४ |
| ७ | सुत्केरी आमालाई पालिकाको कोसेली | ४ |
| ८ | टेलिमेडिसिन सेवा कार्यक्रमलाई निरन्तरता | ५ |
| ९ | गर्भ परीक्षण तथा बृद्दी अनुगमनमा आए बापत सरसफाई सामाग्री खरीद वितरण | ६ |
| १० | एच.आई.भि. संक्रमितहरुलाई यातायात खर्च प्रदान | ६ |
| ११ | गर्भवती महिलाहरुलाई क्याल्सियम चक्की खरीद तथा वितरण | ७ |
| १२ | वडा तथा पालिका स्तरीय स्वस्थ बच्चा प्रतिस्पर्धा | ७ |
| १३ | खोप स्टोरको लागि आवश्यक सामाग्री खरिद | ८ |
| १४ | स्वास्थ्य संस्थाको फोहोर व्यबस्थापनका लागि कलर कोडेड डस्टविन खरिद/वितरण | ९ |
| १५ | स्वास्थ्यकर्मीहरुको लागि झोला खरिद तथा वितरण | ९ |
| १६ | कुष्ठरोग जाँच तथा खोजपडताल | १० |
| १७ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका प्रोत्साहन तथा यातायात खर्च | १० |
| १८ | सामुदायिक स्वास्थ्य ईकाइ कर्मचारी तलब तथा पोशाक भत्ता | ११ |
| १९ | आधारभुत स्वास्थ्य सेवा कर्मचारी तलब तथा पोशाक भत्ता | ११ |
| २० | बैठक तथा समिक्षा खर्च | १२ |
| २१ | निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेबापत ओ.पी.डी. टिकट अनुदान | १३ |
| २२ | कार्यालय सहयोगिहरुलाई औषधी तथा भ्याक्सिन ढुवानी खर्च | १३ |
| २३ | स्वास्थ्य संस्था मर्मत तथा आवश्यक सामाग्री खरीद | १४ |
| २४ | स्वास्थ्य सामग्री तथा औषधि ढुवानी एवंम् स्वास्थ्य शाखाको कामकाजमा प्रयोग | १४ |
| २५ | पोषण मैत्री स्वास्थ्य संस्था घोषणा | १५ |
| २६ | अनुसूचीहरु | १६ - २७ |


CamScanner

## कार्यक्रम शिर्षक: मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिरुलाई नि:शुल्क स्वास्थ्य विमा कार्यक्रम।

| | |
|---|---|
| परिचय | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गतका मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिरु मध्ये धेरै जसोले स्वास्थ्य विमा नगरेको कारण बिरामी हुँदा उपचार गराउने क्रममा आर्थिक रुपमा समस्या परिरहेको हुँदा उक्त समस्यालाई मध्यनजर गरि मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिरुलाई विमाको दायरामा ल्याई आर्थिक रुपले स्वास्थ्य उपचारलाई सहज बनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिहरुलाई नि:शुल्क स्वास्थ्य विमा गराई आर्थिक रुपले स्वास्थ्य उपचारमा सहज बनाउने। |
| अपेक्षित प्रतिफल | मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचारमा आर्थिक भार कम हुनुका साथै समयमै रोग निदान तथा उपचार भई बिरामी दरमा कमी आउने। |
| संचालन प्रक्रिया | क्व्होलासोथार गाउँपालिका भित्र बसोबास गर्ने मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग कार्ड प्राप्त गरेका व्यक्तिहरुको नामवली संकलन गरि वडा कार्यलयबाट सिफारिस भएका मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिको परिवारहरुलाई गाउँ कार्यपालिका बैठक र गाउँपालिका विमा संयोजन समितिको बैठकबाट नि:शुल्क विमाको लागि निर्णय गराई स्वास्थ्य विमा बोर्ड लमजुङ सँग समन्वय गरि बजेटको परिधिभित्र रहि मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका व्यक्तिहरुको परिवारहरुको नि:शुल्क स्वास्थ्य विमा गर्ने। सो कार्यको जनप्रतिनिधि तथा स्वास्थ्य शाखा द्वारा अनुगमन गर्ने। |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२२ मा रु ३ लाख विनियोजन गरिएको छ र उक्त बजेट मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ग भएका सम्पूर्ण परिवारहरुको स्वास्थ्य विमाका लागि खर्च गर्नुपर्नेछ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालय तथा स्वास्थ्य विमा बोर्ड लमजुङलाई पठाउनुपर्नेछ। |

## कार्यक्रम शिर्षक: नि:शुल्क स्वास्थ्य सेवा तथा महामारी ,सुगर र प्रेसरको लागि औषधि स्वास्थ्य उपकरण तथा ल्याब सामग्री खरीद।

| | |
|---|---|
| परिचय | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क औषधि वितरणका लागि शसर्त तर्फबाट सीमित औषधि खरिदको लागि मात्र बजेट प्राप्त भएको हुँदा थप आवश्यक सुगर प्रेसर लगायत औषधि,स्वास्थ्य उपकरण तथा ल्याब सामग्री खरिद गरि स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक औषधि,उपकरण तथा ल्याब सामग्रीको व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | आवश्यक औषधि तथा उपकरणको व्यवस्था भई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि हुने। |
| संचालन प्रक्रिया | स्वास्थ्य शाखा तथा सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा भएको औषधिको मौज्दात, स्वास्थ्य संस्थाको माग अनुसारको स्वास्थ्य उपकरण तथा आवश्यकतालाई ध्यानमा राखि खरिद गर्नुपर्ने औषधिको पुर्वानुमान तयार गरि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक औषधि, स्वास्थ्य उपकरण तथा ल्याब सामग्री खरिद तथा ढुवानी गरि स्वास्थ्य संस्थाहरुको माग अनुसार वितरण गर्ने। |



क्व्होलासोथार गाउँ कार्यपालिकाको कार्यालय

| | |
|---|---|
| **बजेट बाँडफाँड** | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २११२३ मा रु. ५ लाख विनियोजन गरिएको छ । यो बजेटबाट आवश्यक औषधि, स्वास्थ्य उपकरण तथा ल्याब सामग्रीहरु खरिद तथा ढुवानीका लागि खर्च गर्नुपर्नेछ । |
| **अभिलेख तथा प्रतिवेदन** | खरीद पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनुपर्नेछ । |

## कार्यक्रम शिर्षक: निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर ।

| | |
|---|---|
| **परिचय** | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा उपलब्ध नभएको र यस पालिकाबाट अस्पताल पनि टाढा रहेको हुँदा यस गाउँपालिकाका बासिन्दाहरु विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवाबाट बन्चित रहेको हुँदा गाउँपालिका अन्तर्गत नै नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर आयोजना गरि बिशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा प्रदान गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | गाउँपालिका अन्तर्गतका नै बिशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा प्रदान गर्ने । |
| **अपेक्षित प्रतिफल** | स्थानिय बासिन्दाहरुको विशेषज्ञ चिकित्सकद्वारा स्वास्थ्य जाँच भई समयमै रोग निदान तथा उपचार हुने । |
| **संचालन प्रक्रिया** | गाउँ कार्यपालिका बैठकबाट शिविर संचालनका लागि स्थान तथा मिति तय गरि शिविर संचालनका लागि पुर्वानुमान तयार, विशेषज्ञ चिकित्सकहरुसंग समन्वय, आवश्यक औषधि, स्वास्थ्य सामग्री तथा जनशक्ती व्यवस्थापन गरी नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन गर्ने । |
| **बजेट बाँडफाँड** | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२२ मा रु. ५ लाख विनियोजन गरिएको छ । यो बजेटबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम आवश्यक औषधि व्यवस्थापन, स्वास्थ्यकर्मी दैनिक भ्रमण भत्ता/दैनिक भत्ता, खाजा, खाना, बास, ढुवानी तथा आवश्यक सामग्री खरिदका लागि खर्च गर्नुपर्नेछ । |
| **अभिलेख तथा प्रतिवेदन** | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नुपर्ने छ र सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ । |

## कार्यक्रम शिर्षक: भिडियो एक्सरे घुम्ती शिविर ।

| | |
|---|---|
| **परिचय** | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुको लागि भिडियो एक्सरे सेवा नभएको र अस्पताल पनि टाढा रहेको र गाउँपालिका स्थित सिमित जनशक्ती तथा सिमित भिडियो एक्सरे मेसिन रहेको परिप्रेक्षमा सबै वडाका गर्भवती महिलाहरुलाई भिडियो एक्सरे सेवा प्रदान गर्नका लागि यस कार्यक्रमको व्यवस्था गरिएकोछ । |
| **उद्देश्य** | गाउँपालिका अन्तर्गतका सबै गर्भवती महिलाहरुलाई भिडियो एक्सरे सेवा प्रदान गर्ने । |
| **अपेक्षित प्रतिफल** | गर्भवती महिला तथा गर्भमा रहेको शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी प्राप्त भई जटिल अवस्था भए प्रेषण तथा सामान्य अवस्था भए सामान्य प्रसुती गराउन सहज हुने । |



क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

| | |
|---|---|
| संचालन प्रक्रिया | प्रत्येक वडा अन्तर्गतका गर्भवती महिलाहरुको तथ्याङ्क लिई गर्भ जाँच तथा भिडियो एक्सरे गर्नुपर्ने प्रोटोकल अनुसार सम्बन्धित वडा अन्तर्गतको स्वास्थ्य संस्थामा तालिम प्राप्त जनशक्ती परिचालन गरि भिडियो एक्सरे घुम्ती शिविर संचालन गर्नुपर्नेछ। |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२७११ मा रु .१ लाख विनियोजन गरिएको छ। यो बजेट बाट सार्वजिनक खरिद ऐन, २०६४ सार्वजनिक खरिद (बाह्रौ संशोधन २०७९) नियमावली, २०६४ तथा भ्रमण खर्च (चौथो संशोधन २०७२) नियमावली, २०६४ बमोजिम आवश्यक औषधि व्यवस्थापन, तालिम प्राप्त स्वास्थ्यकर्मी, सहयोगी स्वास्थ्यकर्मी तथा अनुगमनकर्ताहरुको दैनिक भ्रमण भत्ता/दैनिक भत्ता, खाजा, खाना, बास, ढुवानी तथा आवश्यक सामग्री खरिदका लागि खर्च गर्नुपर्नेछ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनुपर्नेछ। |

**कार्यक्रम शिर्षक: गाउँघर क्लिनिक र ज्येष्ठ नागरिक घरदैलो तथा क्लिनिक संचालन यातायात खर्च।**

| | |
|---|---|
| परिचय | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट टाढा रहेको बस्तीहरुबाट स्वास्थ्य सेवा लिन नआउने तथा ज्येष्ठ नागरिकहरु स्वास्थ्य संस्थासम्म स्वास्थ्य परिक्षण गर्न आउन नसक्ने समस्यालाई मध्यनजर गरि स्वास्थ्य संस्थाबाट टाढा रहेको बस्तीहरुमा सोही ठाउँमा गई स्वास्थ्य सेवा प्रदान गर्नका लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थासम्म आउन नसक्ने बासिन्दा तथा ज्येष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्थाबाट टाढा रहेको बस्तीहरुमा सोही ठाउँमा क्लिनिक स्थापन गरि स्वास्थ्य सेवा प्रदान गर्ने साथै ८० बर्ष माथिका ज्येष्ठ नागरिकको घरमै गई स्वास्थ्य सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाबाट टाढा रहेका बासिन्दाहरु तथा जेष्ठ नागरिकहरुले सहजै स्वास्थ्य उपचार पाउने साथै स्वास्थ्य सेवाको पहुँच वृद्दी हुने। |
| संचालन प्रक्रिया | प्रत्येक वडा अन्तर्गत मासिक रुपमा तोकिएको मिति अनुसार गाउँघर क्लिनिक र ज्येष्ठ नागरिक घरदैलो तथा क्लिनिकमा २ जना सम्म स्वास्थ्यकर्मीहरु गई सामन्य स्वास्थ्य (सुगर र प्रेसर) परिक्षण , प्राथामिक उपचार, मातृ तथा नवशिशु सेवा, परिवार नियोजन सेवा, पोषण आदि सेवाहरु प्रदान गर्नु पर्नेछ। |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२४१९ मा रु २ लाख विनियोजन गरिएको छ। यो बजेटबाट गाउँघर क्लिनिक र ज्येष्ठ नागरिक घरदैलो तथा क्लिनिक संचालनमा खटिने स्वास्थ्यकर्मीहरुलाई मासिक प्रतिवेदनको आधारमा तथा गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ अनुसार यातायात खर्च प्रदान गर्ने। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात स्वास्थ्य संस्थाहरुले अनुसूची १,२ र ३ बमोजिम स्वास्थ्य शाखामा प्रतिवेदन गर्नुपर्नेछ र स्वास्थ्य शाखाले अभिलेख राखी सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनुपर्नेछ। |

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३



CamScanner

**कार्यक्रम शिर्षक: अनुगमन मुल्यांकन कार्यक्रम ।**

| | |
|---|---|
| **परिचय** | स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने उद्देश्यले क्व्होलासोथार गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन तथा मूल्यांकन आवश्यक छ । यसले सेवाको प्रभावकारिता, उपलब्ध सेवा, जनशक्ति तथा औषधि उपकरणको अवस्था लगायतका पक्षमा सुधार गर्न मद्दत गर्दछ । |
| **उद्देश्य** | स्वास्थ्य चौकीहरूको नियमित अनुगमन तथा मूल्यांकन गर्ने । सेवा गुणस्तर अभिवृद्धि गर्न सुझाव तथा सुधार योजनाको तयारी उपलब्ध स्रोत एवं सेवाको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने । |
| **अपेक्षित प्रतिफल** | स्वास्थ्य संस्थाहरूको कार्यक्षमता सुधार हुने स्वास्थ्य सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता कायम हुने। नागरिकले गुणस्तरीय सेवा पाउने । |
| **संचालन प्रक्रिया** | वडा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा अनुगमन तथा मुल्यांकन गर्नको लागि स्वास्थ्य शाखाबाट प्रतिनिधि टोली गठन गरिनेछ जसमा शाखा प्रमुख, स्वास्थ्य निरीक्षक, आवश्यक परेमा अन्य प्राविधिक तथा अन्य व्यक्ति रहनेछन् प्रत्येक वडाको स्वास्थ्य संस्थामा मासिक तथा त्रैमासिक रूपमा अनुगमन गरिनेछ। अनुगमनको लागि मिति र स्थान पूर्वनिर्धारित गरिनेछ र सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय गरिनेछ । अनुगमनको क्रममा सेवा प्रवाह, जनशक्ति उपस्थिति, औषधिको उपलब्धता, उपकरणको अवस्था तथा रेकर्डिङ रिपोर्टिङलाई मूल्यांकनको आधारमा आवश्यक सुधार योजना तयार गरिनेछ। |
| **बजेट बाँडफाँड** | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्यतर्फ खर्च शिर्षक २२६११ मा रु १ लाख विनियोजन गरिएको छ। यो बजेटबाट भ्रमण खर्च (चौथो संशोधन २०७२) नियमावली, २०६४ अनुसार अनुगमनकर्ता तथा स्वास्थ्यकर्मीहरुको दैनिक भ्रमण भत्ता/ दैनिक भत्ता खाजा, खाना, बासमा खर्च गर्न सकिनेछ । |
| **अभिलेख तथा प्रतिवेदन** | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अनुसूची १० बमोजिम गाउँपालिकामा प्रतिवेदन गर्नुपर्नेछ । |

**कार्यक्रम शिर्षक: सुत्केरी आमालाई पालिकाको कोसेली ।**

| | |
|---|---|
| **परिचय** | आमा र बच्चाको स्वास्थ्यलाई सुरक्षित र सुदृढ बनाउन सुत्केरी आमाहरुलाई पोषणयुक्त आहारको आवश्यकता हुन्छ । पर्याप्त पोषण नपाउँदा आमा तथा नवजात शिशुको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ। त्यसैले सुत्केरी आमाहरुलाई प्रोत्साहित गर्दै पोषण सामग्री वितरण गर्ने कार्यक्रम क्व्होलासोथार गाउँपालिकाले सञ्चालन गर्न लागेको हो । यस कार्यक्रमबाट आमा र शिशुको स्वास्थ्य सुधारमा योगदान गराउनका लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | सुत्केरी आमाहरुलाई आवश्यक पोषण सामग्री उपलब्ध गराई सुरक्षित मातृत्व र शिशुको पोषणस्तरमा वृद्धि गर्ने साथै संस्थागत प्रसूति सेवामा आमाहरुलाई प्रोत्साहन गर्ने। |
| **अपेक्षित प्रतिफल** | सुत्केरी आमाहरुले पोषणयुक्त आहार प्राप्त गर्नेछन् र आमा तथा शिशुको स्वास्थ्य स्थिति सुधार हुनेछ । |
| **संचालन प्रक्रिया** | वडा अन्तर्गतका सुरक्षित प्रसुती केन्द्रहरुमा सुरक्षित प्रसुती गराएका सुत्केरी आमाको विवरण स्वास्थ्य संस्थाले स्वास्थ्य शाखामा प्रतिवेदन गर्ने र स्वास्थ्य शाखाले प्रतिवेदनको आधारमा क्व्होलासोथार गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई स्वास्थ्य संस्था मार्फत एक पटकको लागि ८ हजार रु पैयाँ सम्मको सुत्केरी अवस्थामा आवश्यक पर्ने पोषण सामग्री गाउँपालिका द्वारा सुत्केरी आमाको घरमै गई प्रदान गरिनेछ। |



क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गाविङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल

CamScanner

| | |
|---|---|
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२२ मा रु ३ लाख विनियोजन गरिएको छ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात स्वास्थ्य संस्थाहरुले अनुसूची ६ बमोजिम स्वास्थ्य शाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ र स्वास्थ्य शाखाले अभिलेख राखी सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनुपर्ने छ। |

## कार्यक्रम शिर्षक: टेलिमेडिसिन सेवा कार्यक्रमलाई निरन्तरता

| | |
|---|---|
| परिचय | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गत १२ वटा स्वास्थ्य संस्था रहेको तर कुनै पनि वडामा अस्पताल तथा बिशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा उपलब्ध नरहेको र यस पालिकाबाट अस्पताल पनि टाढा रहेको हुँदा यस पालिकाका बासिन्दाहरु चिकित्सकिय स्वास्थ्य उपचारबाट बञ्चित रहेका छन्। सोही समस्यालाई मध्यनजर गरि दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) मार्फत श्रव्य दृश्य वा अन्य संचार माध्यम प्रयोग गरि चिकित्सकिय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | बिरामीहरुलाई चिकित्सकिय स्वास्थ्य सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | बिरामीहरुको रोग निदानमा सहज भई गुणस्तरीय स्वास्थ्य उपचार हुने। |
| संचालन प्रक्रिया | गाउँ कार्यपालिकाको बैठकबाट दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) तथा अनलाईन स्वास्थ्य सेवा कार्यविधि, २०७७ अनुसार मापदण्ड पुगेका दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) को सुरुवात गर्न स्वास्थ्य संस्था छनोट गरि दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) को सुरुवातका लागि विशेषज्ञ चिकित्सकहरुबाट सेवा प्रदान हुने स्वास्थ्य संस्थासंग सेवा प्रदानका लागि सम्झौता गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संग स्वीकृती लिई दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) को सुरुवात गर्ने। हरेक महिनाको १ दिन दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) मार्फत स्वास्थ्य सेवा प्रदान गर्ने। |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२२ मा रु २ लाख विनियोजन गरिएको छ । यो बजेटबाट दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) को सुरुवातका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार आवश्यक सामग्री खरिद तथा सेवा प्रदान गरे बापत भ्रमण खर्च नियमावली, २०६४ अनुसार चिकित्सक तथा सहयोगि कर्मचारीहरुको भत्ताका लागि खर्च गर्न सकिनेछ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात सम्बन्धित स्वास्थ्य संस्थाले मासिक रुपमा दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) तथा अनलाईन स्वास्थ्य सेवा कार्यविधि, २०७७ को अनुसूची ७ बमोजिम स्वास्थ्य शाखामा प्रतिवेदन गर्नुपर्ने छ र स्वास्थ्य शाखाले अभिलेख राखी सो प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनुपर्ने छ। |
| सन्दर्भ सामग्री | दूर-चिकित्सा सेवा (टेलिमेडिसिन) तथा अनलाईन स्वास्थ्य सेवा कार्यविधि, २०७७ |

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७४



CamScanner

**कार्यक्रम शिर्षक: गर्भ परिक्षण तथा वृद्धि अनुगमनमा आए बापत सरसफाई सामग्री खरीद वितरण ।**

| | |
|---|---|
| परिचय | गर्भवती महिलाहरुले आफ्नो गर्भावस्थामा प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा गई ८ पटक गर्भ परिक्षण गर्नुपर्ने हुन्छ साथै बच्चा जन्मिसकेपछि कुपोषणबाट बचाउनका लागि कम्तिमा २ वर्ष सम्म मासिक रुपमा स्वास्थ्य संस्थामा गई तौल अनुगमन गराउनुपर्ने हुन्छ तर गर्भवती महिलाहरु प्रोटोकल अनुसार गर्भपरीक्षण गर्न नआउने र बच्चाहरुलाई पनि नियमित वृद्धि अनुगमन गराउन नल्याउने समस्या रहेको हुँदा गर्भपरीक्षण र बच्चाको वृद्धि अनुगमनलाई नियमित बनाई आमा तथा बच्चाको स्वास्थ्य अवस्था स्वस्थ बनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | गर्भपरिक्षण तथा वृद्धि अनुगमनलाई वृद्धि गराई सुरक्षित प्रसुती बढाउने तथा बच्चाहरुलाई कुपोषण हुनबाट बचाउने । |
| अपेक्षित प्रतिफल | आमा तथा बच्चाको स्वास्थ्य राम्रो भई स्वस्थ बच्चाको जन्म हुने साथै बच्चाहरु कुपोषित हुनबाट बच्ने । |
| संचालन प्रक्रिया | स्वास्थ्य शाखाले सरसफाई सम्बन्धि सामग्रीहरु ( साबुन ,टावल ,नङकट ,मन्जन, ब्रुस आदी) खरीद गरि लक्षित गर्भवती तथा लक्षित २ वर्ष मुनिको बच्चा संख्याको आधारमा स्वास्थ्य संस्थामा उपलब्ध गराउने र स्वास्थ्य संस्थाले गर्भ परिक्षण तथा वृदी अनुगमन गर्न आउने गर्भवती आमा तथा बच्चाहरुलाई प्रत्येक पटक सरसफाई सामग्री वितरण गरि बुझिलिएको भरपाई गरि स्वास्थ्य शाखामा पेश गर्ने । |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२४१९ मा रु १ लाख विनियोजन गरिएको छ । यो बजेट बाट सार्वजनिक खरिद ऐन, २०६४ तथा सार्वजिनक खरिद (बाह्रौ संशोधन २०७९) नियमावली, २०६४ अनुसार सरसफाई सामग्री खरीद गरि स्वास्थ्य संस्थाहरुमा पठाउनु पर्नेछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात स्वास्थ्य संस्थाहरुले अनुसूची ८ र ९ बमोजिम स्वास्थ्य शाखामा प्रतिवेदन गर्नु पर्नेछ र स्वास्थ्य शाखाले अभिलेख राखी सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । |

**कार्यक्रम शिर्षक: एच.आई.भि. संक्रमितहरुलाई यातायात खर्च प्रदान ।**

| | |
|---|---|
| परिचय | यस क्व्होलासोथार गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका एच.आई.भि.संक्रमितहरु एच.आई.भि. सम्बन्धि औषधि सेवनका लागि लमजुङ अस्पताल,लमजुङ जानुपर्ने र आर्थिक समस्याका कारण अस्पताल आवतजावत गरि औषधी सेवन गर्न समस्या परिरहेको हुँदा सो समस्यालाई मध्यनजर गरि एच.आई.भि.संक्रमितहरुलाई एच.आई.भि. सम्बन्धि औषधि सेवनका लागि अस्पताल आवतजावत गर्न यातायात खर्च प्रदान गरी उपचारलाई नियमित बनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | एच.आई.भि.संक्रमितहरुलाई एच.आई.भि. सम्बन्धि औषधि सेवनका लागि आवतजावत गर्न यातायात खर्च प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | एच.आई.भि.संक्रमितहरुको औषधि सेवन नियमित भई जिवनशैली तथा स्वास्थ्य अवस्था सुधार हुने । |
| संचालन प्रक्रिया | व्यक्तिगत गोप्यतालाई ध्यानमा राखी सम्पुर्ण वडा अन्तर्गतका एच.आई.भि.संक्रमितहरुको संख्या एकिन गरि प्रति व्यक्ति प्रति महिना रु १ हजारका दरले यातायात खर्च प्रदान गर्ने । |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२४१९ मा रु १ लाख ५० हजार विनियोजन गरिएको छ । यो बजेट बाट |



क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल

CamScanner

| | |
|---|---|
| | एच.आई.भि.संक्रमितहरु एच.आई.भि. सम्बन्धि औषधि सेवनका लागि आवतजावत यातायात खर्च प्रदान गर्नुपर्नेछ । |
| **अभिलेख तथा प्रतिवेदन** | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नुपर्ने छ र सो को प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनुपर्ने छ। |

**कार्यक्रम शिर्षक: गर्भवती महिलाहरुलाई क्याल्सियम चक्की वितरण।**

| | |
|---|---|
| **परिचय** | गर्भवती महिलाहरुले आफ्नो गर्भावस्थाभर १८० चक्की क्याल्सियम सेवन गर्नुपर्ने हुन्छ जसको कारण गर्भमा बच्चाको वृद्धि विकास राम्रो भई स्वस्थ बच्चाको जन्म हुन्छ तर यस कार्यक्रमको लागि नेपाल सरकारबाट बजेट व्यस्थापन नभएको हुँदा गाउँपालिकाबाट नै क्याल्सियम चक्की खरीद गरि गर्भवती महिलाहरुलाई वितरण गर्नका लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | सुरक्षित प्रसुती गराई विकलाङ्ग बच्चाहरुको जन्म हुन नदिने। |
| **अपेक्षित प्रतिफल** | गर्भमा बच्चाहरुको वृद्धि विकास राम्रो भई स्वस्थ बच्चाको जन्म हुने। |
| **संचालन प्रक्रिया** | सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार स्वास्थ्य शाखाले क्याल्सियम चक्की खरीद गरि लक्षित गर्भवती संख्याको आधारमा स्वास्थ्य संस्थामा क्याल्सियम चक्की उपलब्ध गराउने र स्वास्थ्य संस्थाले गर्भवती महिलाहरुलाई गर्भ रहेको ३ महिनापछि क्याल्सियम चक्की वितरण गरि मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिष्टरमा अद्यावधिक गर्ने। |
| **बजेट बाँडफाँड** | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२२ मा रु १ लाख विनियोजन गरिएको छ। |
| **अभिलेख तथा प्रतिवेदन** | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नु पर्नेछ र सोको प्रतिवेदन क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ। |

**कार्यक्रम शिर्षक: वडा तथा पालिका स्तरीय स्वस्थ बच्चा प्रतिस्पर्धा।**

| | |
|---|---|
| **परिचय** | क्व्होलासोथार गाउँपालिका अन्तर्गत रहेका २ बर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था,पोषण लेखाजोखा तथा पोषण सुधारको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | बालबालिकाहरुलाई कुपोषण हुन बाट जोगाउने तथा पोषण अवस्था सुधार हुने। |
| **अपेक्षित प्रतिफल** | कुपोषण भएका बालबालिकाको पहिचान हुने । |
| **संचालन प्रक्रिया** | प्रत्येक वडा अन्तर्गतका स्वास्थ्य संस्थाहरुले गाउँपालिका भित्र बसोबास गर्ने तथा स्वास्थ्य संस्थामा निरन्तर तौल अनुगमन गरिरहेका ६ महिना देखि २ बर्ष भित्रका बालबालिकाहरुलाई जम्मा गरि अनुसूची ३ अनुसार पोषण अवस्था पत्तालगाई उत्कृष्ट बालबालिका छनोट गर्ने साथै वडाबाट छनोट भएका बालबालिकाहरुलाई पालिका स्तरीय प्रतिस्पर्धा गराई बच्चा तथा बच्चाको आमालाई सम्मान एवं पुरस्कृत गर्ने । |
| **बजेट बाँडफाँड** | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२/०८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२२ मा रु २ लाख विनियोजन गरिएको छ। यस कार्यक्रमबाट<br>स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रमको पुरस्कार व्यवस्था: |



क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

| | |
|---|---|
| | **१) वडास्तर**<br>वडास्तरमा छनोट भएका बालबालिकालाई पोषण सामग्री प्रदान गरिनेछः<br>• प्रथम स्थान : ३ हजार बराबरको पोषण सामग्री<br>• द्वितीय स्थान : २ हजार बराबरको पोषण सामग्री<br>• तृतीय स्थान : १ हजार बराबरको पोषण सामग्री<br>**२) पालिकास्तर**<br>वडाबाट छनोट भएका बालबालिकाले पालिकास्तरीय स्वस्थ बच्चा प्रतिस्पर्धामा भाग लिनेछन् । यसमा नगद पुरस्कार दिइनेछ (२५% कर काटी) गरि<br>• प्रथम स्थान : रु. १०,००० )<br>• द्वितीय स्थान : रु. ६,०००<br>• तृतीय स्थान : रु. ३,०००<br>साथै सहजकर्ता, सहयोगीहलाई भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भत्ता ,खाजा ,सहभागीहरुलाई यातायात खर्च तथा कार्यक्रमको लागि आवश्यक सामाग्रीहरुको लागि खर्च गर्न सकिनेछ । |
| **अभिलेख तथा प्रतिवेदन** | कार्यक्रम संचालन पश्चात स्वास्थ्य संस्थाहरुले अनुसूची ४ सहित स्वास्थ्य शाखामा प्रतिवेदन गर्नुपर्ने शाखाले अभिलेख राख्नु पर्नेछ र सोको प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ। |

## कार्यक्रम शिर्षक: खोप स्टोरको लागि आवश्यक सामाग्री खरिद ।

| | |
|---|---|
| **परिचय** | क्व्होलासोथार गाउँपालिकाभित्र नियमित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न खोप स्टोरमा आवश्यक उपकरण र सामाग्री अपरिहार्य हुन्छन् । खोप सुरक्षित भण्डारण, ढुवानी र वितरणका क्रममा आवश्यक पर्ने उपकरणको उपलब्धता नहुँदा खोपको गुणस्तरमा असर पर्ने सम्भावना रहन्छ । यसलाई मध्यनजर गर्दै आवश्यक सामाग्री खरिद गरी खोप स्टोरमा उपलब्ध गराउने व्यवस्था गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | खोपको सुरक्षित भण्डारण, ढुवानी र वितरण सुनिश्चित गर्ने । |
| **अपेक्षित प्रतिफल** | खोप नष्ट हुने, बिग्रने वा गुणस्तरमा कमी आउने सम्भावना न्यून हुने । |
| **संचालन प्रक्रिया** | स्वास्थ्य शाखाले आवश्यकता अनुसार सामाग्रीको सूची तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ अनुरुप खोप सुरक्षित भण्डारण, ढुवानी र वितरणका क्रममा आवश्यक पर्ने उपकरणको खरीद गर्ने । |
| **बजेट बाँडफाँड** | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८२ /८३ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक ३११७२ मा रु ८० हजार विनियोजन गरिएको छ । यो बजेट खोप स्टोरको लागि आवश्यक सामाग्री सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खोप स्टोरको लागि आवश्यक सामाग्री खरीदका लागि खर्च गर्न सकिनेछ । |
| **अभिलेख तथा प्रतिवेदन** | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्नु पर्नेछ र सोको प्रतिवेदन क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । |



क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**कार्यक्रम शिर्षक: स्वास्थ्य संस्थाको फोहोर व्यबस्थापनका लागि कलर कोडेड डस्टविन खरिद/वितरण ।**

| | |
|---|---|
| परिचय | क्व्होलासोथार गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुमा दैनिक रुपमा विभिन्न प्रकारका फोहोर सामान्य), संक्रामक, प्लास्टिक, धातु, विषादीयुक्त आदिउत्पादन हुने गर्दछ। उचित फोहोर व्यवस्थापन ( नभएमा स्वास्थ्य संस्था र वरिपरिको वातावरण प्रदूषित हुने, सरुवा रोग फैलिने तथा सेवा प्रवाहमा अवरोध आउने हुनाले स्वास्थ्य संस्थामा कलर कोडेड डस्ट्विन अनिवार्य रूपमा आवश्यक देखिएको छ। यसै सन्दर्भमा गाउँपालिकाको स्वास्थ्य सेवामा संलग्न सम्पूर्ण संस्थाहरुलाई डस्ट्विन खरिद गरी वितरण गर्ने यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थामा उत्पन्न हुने फोहोरलाई प्रकार अनुसार छुट्याई व्यवस्थापन गर्न सहज बनाउने साथै स्वास्थ्यकर्मी, सेवाग्राही र समुदायलाई सुरक्षित राख्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन सजिलो हुने साथै सरसफाइ कायम रहि स्वास्थ्य जोखिम कम हुने। |
| संचालन प्रक्रिया | स्वास्थ्य संस्थाको माग अनुसारको कलर कोडेड डस्ट्विन इस्टिमेट तयार परि कार्यालयबाट स्वीकृत गरि सार्वजनिक खरीद ऐन, २०६४ अनुसार खरिद गर्नु पर्नेछ। |
| बजेट बाँडफाँड | यस कार्यक्रमका लागि गाउँपालिका विकास योजना आ.व. २०८१/०८२ अनुसार स्वास्थ्य तर्फ खर्च शिर्षक २२५२१ मा रु १ लाख विनियोजन गरिएको छ। यो बजेट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार कलर कोडेड डस्ट्विन खरीद तथा वितरणका लागि खर्च गर्न सकिनेछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम संचालन पश्चात स्वास्थ्य शाखाले अभिलेख राखी सो प्रतिवेदन क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ। |

**कार्यक्रम शिर्षक: स्वास्थ्यकर्मीहरुको लागि झोला खरिद तथा वितरण ।**

| | |
|---|---|
| परिचय | क्व्होलासोथार गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्यकर्मीहरु मासिक रुपमा गाउँघर क्लिनिक, ज्येष्ठ नागरिक क्लिनिक, ज्येष्ठ नागरिक घरदैलो तथा अन्य स्वास्थ्य कार्यक्रमहरु निरन्तर रहने हुँदा स्वास्थ्यकर्मीहरुलाई सहज र व्यवस्थित गराउन क्व्होलासोथार गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई झोला आवश्यक रहेको हुँदा झोला खरीदका लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | गाउँघर क्लिनिक, ज्येष्ठ नागरिक क्लिनिक, ज्येष्ठ नागरिक घरदैलो तथा अन्य स्वास्थ्य कार्यक्रमहरुलाई सहज र व्यवस्थित गराउन स्वास्थ्यकर्मीहरुलाई झोला खरीद तथा वितरण गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुलाई सेवा प्रदान गर्नको लागि सहज तथा उपलब्धि मुलक हुने । |
| संचालन प्रक्रिया | गाउँघर क्लिनिक, ज्येष्ठ नागरिक क्लिनिक, ज्येष्ठ नागरिक घरदैलो तथा अन्य स्वास्थ्य कार्यक्रमहरुलाई सहज र व्यवस्थित गराउन गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्यकर्मीहरुलाई सार्वजनिक खरिद ऐन, २०६३ अनुरुप झोला खरीद गरि वितरण गर्ने। |
